# गैंडाकोट राजपत्र

खण्ड : ०६ संख्या :०५ मिति : २०८०/१२/२०

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## अटो तथा इ–रिक्सा व्यवस्थापन निर्देशिका, २०८०

प्रमाणीकरण मिति :- २०८०/१२/२०

**प्रस्तावना**

गैंडाकोट नगरपालिका क्षेत्रभित्र सञ्चालन हुँदै आएका अटो तथा इ–रिक्सालाई व्यवस्थित गर्न अति आवश्यक भएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) को मिति २०८०/१२/२० गतेको कार्यपालिका वाट **"गैंडाकोट नगरपालिका क्षेत्रभित्र अटो तथा इ–रिक्सा व्यवस्थापन निर्देशिका, २०८०"** पारित गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम **"गैंडाकोट नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८०"** रहेको छ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेपछीलागु हुनेछ। यो निर्देशिका नगरपालिका क्षेत्रमा मात्र लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"स्थानीय तह"** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गठित नगरपालिका सम्झनुपर्छ।

(ख) **"नगरपालिका"** भन्नाले गैडाकोट नगरपालिका सम्झनु पर्दछ।

(ग) **"निर्देशिका"** भन्नाले "गैंडाकोट नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८०" सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले गैंडाकोट नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) **"प्रमुख"** भन्नाले नगरपालिकाको नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) **"उपप्रमुख"** भन्नाले नगरपालिकाको नगर कार्यपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"सवारी साधन"** भन्नाले अटो तथा ई-रिक्सा सम्झनु पर्दछ ।

**३. अटो तथा ई-रिक्सा व्यवस्थापन समिति गठनः**

(१) नगरपालिका भित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटना रहीत ढङ्गबाट सेवा सुचारु एवं व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहाय अनुसारको अटो तथा ई-रिक्सा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) नगरपालिकाका प्रमुख | – अध्यक्ष |
| (ख) नगरपालिकाका उपप्रमुख | – सदस्य |
| (ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) नगरपालिकाका पूर्वाधार विकास समितिका संयोजक | – सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (पुर्व) | – सदस्य |
| (च) प्रमुख, ईलाका प्रहरी कार्यालय गैंडाकोट, नवलपरासी (पुर्व) | – सदस्य |
| (छ) प्रमुख, ट्राफिक प्रहरी कार्यालय नवलपरासी (पुर्व) | – सदस्य |
| (ज) अटो व्यवसायीहरू मध्ये नगरपालिकाबाट मनोनित व्यवसायी - २ जना | – सदस्य |
| (झ) यातायात व्यवस्था कार्यालयको अधिकृत प्रतिनिधि | – सदस्य |
| (ञ) नगरपालिकाको ईन्जिनियर | – सदस्य |
| (ट) नगरपालिकाको प्रशासन शाखा प्रमुख | – सदस्य-सचिव |

(२) नियम ३ (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक बोलाउनेछन् । बैठकमा निर्णय बहुमतको आधारमा हुनेछ ।

**४. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको कामः**

(१) नगरपालिकाभित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने ।

(२) अटो तथा ई-रिक्साको पार्किङ्गस्थल तोक्ने ।

(३) अटो तथा ई-रिक्साको भाडादर निर्धारण गर्ने ।

(४) आवश्यक्ता अनुसार अटो तथा ई-रिक्साको संख्या निर्धारण गर्ने ।

(५) अटो तथा ई-रिक्साको व्यवस्थापन एवं यात्रुहरूबीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने।

**५. दर्ता, नवीकरण र खारेजी**

(१) प्रत्येक अटो तथा ई-रिक्सा सवारी ऐन/नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भै नगरपालिकामा वार्षिक रुपमा नगरपालिकाले तोकेको वार्षिक सवारी कर तोकिएको म्यादभित्र बुझाई अनुसुची-१ बमोजिमको निवेदन दिई दर्ता हुनुपर्नेछ । अटो तथा ई-रिक्सा दर्ता गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ ।

अटो तथा ई-रिक्साको नगरपालिकामा दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरूः

(क) तोकिएको ढाँचामा निवेदन ।

(ख) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित पत्र ।

(ग) सक्कल भन्सार पत्र वा भन्सार महशुल तिरेको रसिद ।

(घ) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र।

(ङ) आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी/भ्याट दर्ताको प्रतिलिपी।

(च) सवारी साधनको इन्जिन/च्यासिसको फोटो/ सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी समेत।

(छ) बीमाको कागजात।

(ज) सवारी कर/आयकर तिरेको रसिद।

(झ) वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरूको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर, करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी।

(ञ) सवारी धनी स्वयं उपस्थित हुन पर्नेछ।

नियमानुसार निवेदन प्राप्त भएपछी अटो तथा ई-रिक्सा व्यवसायीलाई ब्यबसाय कर सम्बन्धि कार्यविधि, २०७६ को अनुसूची ४ बमोजिमको दर्ता प्रमाणपत्र दिइनेछ।

(२) नगरपालिकामा दर्ता भई सञ्चालनमा आएका अटो तथा ई-रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकिएको सवारी कर बुझाई नवीकरण गर्नुपर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ।

(क) तोकिएको ढाँचामा निवेदन।

(ख) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित पत्र।

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिद।

(घ) सवारी साधनलाई कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच गराउनुपर्ने।

(ङ) बीमाको कागजात।

(च) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी (रुट परमिट प्राप्त गर्नका लागि निवेदन दिंदा अनिवार्य )।

(छ) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ। उपस्थित हुन नसक्ने भएमा निजको मञ्जुरीनामा पत्र।

(३) नियमानुसार प्रदुषण मापदण्ड पूरा नगरेको, सवारी साधन चेकजाँच गर्दा सवारी सञ्चालन गर्न उचित नदेखिएको र वार्षिक नवीकरण हुनुपर्ने समयभित्र नविकरण नभई एक वर्ष म्याद नाघेको सवारी साधनको दर्ता खारेजी गरिनेछ। यसरी खारेजीमा परेका सवारी साधनहरु पुनः दर्ता हुन आएमा नियम ५ को उपनियम (१) को प्रक्रिया अनुसार दर्ता हुनुपर्नेछ।

(४) नगरपालिकामा दर्ता भई रुट परमिट पाएका अटो-रिक्सा व्यवसायीहरुले आफ्नो व्यवसायिक हक हितका लागि प्रचलित कानुनको अधिनमा रही रुट अनुसारको समिति गठन गर्न सक्नेछन्।

(५) रुट परमिट दिदाँ रुट व्यवस्थित गर्न यो समितिले सिफारिस गर्न सक्नेछ । सिफारिस नभएकै कारणले कुनैपनि व्यवसायी रुट परमिट प्राप्त गर्न बाट वञ्चित हुने छैन।

**६. रुट निर्धारणः**

(१) नगरपालिका क्षेत्रभित्रका निम्नानुसार स्थानका लागि तोकिए बमोजिमको सेक्टरमा पार्किङ हुने गरी उल्लेखित संख्यामा अटो तथा ई-रिक्साले सेवा दिने गरी तोकिए बमोजिमको शुल्क लिई नगरपालिकाले अनुसुची -२ बमोजिमको रुट निर्धारण पत्र जारी गर्नेछ। सवारी साधनले अनिवार्य रुपमा रुट निर्धारण पत्र/रुट परमिट वोक्नु पर्नेछ।

**रुट निर्धारण**

| सि.नं. | राख्ने स्थानको नाम | वडा नं. | अटोको संख्या | सेक्टर |
|---|---|---|---|---|
| १ | कालिका फेदी | गैंडाकोट १ | ३० | |
| २ | शिलान्यास चोक | गैंडाकोट २ | ३० | |
| ३ | भृकुटीचोक | गैंडाकोट २ | ३० | |
| ४ | प्रहरी चौकी पूर्वी चोक | गैंडाकोट २ | ३० | |
| ५ | कालिगण्डकीचोक | गैंडाकोट २/४ | ४० | |
| ६ | काँग्रेसचोक | गैंडाकोट ४/५ | ३० | |
| ७ | विजयचोक | गैंडाकोट ८ | २० | |
| ८ | कालिकाचोक, | गैंडाकोट ५/६/८ | ४० | |
| ९ | हरिहर मन्दीर | गैंडाकोट ७ | ३० | |
| १० | थुम्सी | गैंडाकोट ९ | ३० | |
| ११ | भेडावारी | गैडाकोट १० | ३० | |
| १२ | हर्कपुर | गैंडाकोट ११/१२ | ३५ | |
| १३ | बेल्डिहा | गैंडाकोट १३ | ३५ | |
| १४ | अमरापुरी चोक | गैंडाकोट १४/१५ | ३० | |
| १५ | १६ नं चोक तथा बुद्ध चोक | गैंडाकोट १६ र १५ | ३५ | |

(२) यस्तो रुट निर्धारण आवश्यकतानुसार ४ महिना वा ६ महिना वा १ बर्षको लागि हुन सक्नेछ ।

(३) सवारी साधनले तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाईने छैन ।

(४) भित्री सडक खण्डमा संचालन हुने गरी रुट अनुमति दिईने छ तर मुख्य सडक खण्डमा संचालन गर्ने गरी रुट परमिट दिईने छैन ।

(५) रुट परिवर्तन गर्न चाहेमा सवारी धनिले पुनः नगरपालिकामा निवेदन दिनुपर्नेछ । नगरपालिकाले पनि नियम ६(१) को प्रकृया पुरा गरी रुट परिवर्न गरीदिन सक्नेछ ।

(६) रुट परमिटको दस्तुर तोकिए बमोजिम हुनेछ ।

**७. सवारी चालकले पालना गर्नुपर्ने आचरणहरु :-**

(१) प्रत्येक सवारी चालकले निम्नानुसारका नियम अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, बाटो इजाजतपत्र साथमा लिएर मात्र सवारी चलाउनु पर्ने ।

(ख) बीमा गरेको कागजजात, नवीकरण गरेको प्रमाण पत्र साथमा राखेर मात्र सवारी चलाउनु पर्ने ।

(ग) यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गर्ने, तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनु पर्ने ।

(घ) मादकपदार्थ तथा लागुऔषध सेवन गरेर सवारी साधन चलाउन पाइने छैन, त्यसैगरी कानुनले प्रतिबन्ध गरेका मालसामान ओसारपसार गर्न पाइने छैन ।

(ङ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगर्ने र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी साधन नचलाउने ।

(च) स्टीकर, विज्ञापनजन्य सामाग्रीहरु टाँस गर्न नपाईने ।

(छ) ट्राफिक नियमको पालना गर्नुपर्ने ।

(ज) अगाडिको भागमा चालकको दायाँबायाँ यात्रु तथा मालसामान राख्न नपाईने । त्यसैगरी सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन नपाईने ।

(झ) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिँदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने, साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनु पर्ने ।

(ञ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन । सवारी पूर्ण रुपमा रोकिएपछि मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

(ट) रातिको समयमा लाइटको सही सदुपयोग गर्नुपर्नेछ ।

(ठ) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगरपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**८. यात्रु सुरक्षाः**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारको नियमहरु पालना गर्नु/गराउनु पर्नेछ ।

(१) अटो तथा ई-रिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्ने ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टाँस्नुपर्छ ।

(३) साउण्ड सिस्टम चलाउँदा यात्रु तथा वातावरणमा प्रभाव नपार्ने गरी चलाउनु पर्ने ।

(४) यात्राका बखत यात्रुहरुले जथाभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**९. बीमा सम्बन्धी व्यवस्थाः**

(१) सवारी धनी वा व्यवस्थापकलाई बीमा वापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि बीमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्बन्धित बीमा कम्पनीसँग सो रकम बराबरको बीमा नीति वा प्रमाणपत्र लिनुपर्ने, अन्यथा दुर्घटना वापतको क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ । कार्यालयमा बीमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिने छैन ।

(२) प्रत्येक सवारीले ऐन र नियमले तोके बमोजिमको दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा गरेको हुनुपर्छ ।

(३) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा बीमाको नाम र बहाल अवधि जनाउनु पर्नेछ ।

**१०. जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) सवारी दर्ता नगरी वा अनुमति नलिई चलाएमा वा स्वीकृति नलिई रंग, सिट, स्वरुप, इन्जिन, च्यासिस हेरफेर गरेमा वा आवागमनमा बाधा पुऱ्याएमा रु.एक हजार देखि पाँच हजारसम्म जरिवाना हुनेछ ।

(२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ । सो रकम तत्काल बुझाउन नसक्नेलाई ट्राफिक प्रहरीले २४ घण्टाभित्र सम्बन्धित नगरपालिकामा पठाउनु पर्नेछ र नगरपलिकाले कसुर खुलाई ट्राफिक प्रहरीको पुर्जीको आधारमा पहिलो पटक रु. १५००।–, दोस्रो पटक रु. २०००।–, तेस्रो पटक रु. २५००।– र त्यसपछि पटकै पिच्छे दोब्बर जरिवाना गरी सचेत गराउन सक्नेछ ।

(क) ट्राफिक सङ्केत वा नियम उल्लघङ्न गरी सवारी चलाएको ।

(ख) निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेको ।

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा ।

(घ) गलत साइडवाट सवारी चलाएमा वा एकतर्फी सडकमा सो विपरित चलाएमा ।

(ङ) अवस्था ठिक नभएको सवारी चलाएमा वा निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा।
(च) राति बत्ती नबाली सवारी चलाएमा।
(छ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।
(ज) नम्बर प्लेट नराखी सवारी चलाएमा।
(झ) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा वा निर्धारित भाडा भन्दा बढी भाडा लिई सवारी चलाएमा।
(ञ) लापरवाही साथ सवारी चलाएमा।
(ट) सवारी चालक अनुमति पत्र वा बाटो इजाजतपत्र साथमा नराखी सवारी चलाएमा।

**११. जाँचपास सम्बन्धी व्यवस्था:**

(१) प्रत्येक अटो तथा ई-रिक्साले ६/६ महिनामा अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा सवारी साधन ल्याई सम्बन्धित प्राविधिकबाट जाँचपास गराउनुपर्नेछ। सवारी जाँचपास दस्तुर रु. २००।– लाग्नेछ।
(२) जाँचपास गर्ने अवधि सकिएको ७ दिनभित्र आफ्नो सवारीको अनिवार्य जाँचपास गराउनुपर्नेछ। सो अवधी नाघी आएमा थप ३५ दिनसम्मको लागि दोब्बर दस्तुर लाग्नेछ। सो अवधि समेत नाघि आएमा दोब्बरका अतिरिक्त थप रु. २०००।– सम्म जरिवाना गर्न सकिनेछ।
(३) जाँचपास गर्न नगरपालिकाले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

**१२. भाडादर:**

नगरपालिकाभित्र सञ्चालन हुने सवारी साधनले निम्न बमोजिमको अधिकतम भाडादर लिई यातायात सेवा दिनुपर्नेछ। तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाइएमा नियम (१०) को उपनियम (२) बमोजिमको दण्ड सजाय तथा जरिवाना गर्न सकिनेछ।
(१) पिच गरिएको सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीको २ कि.मि सम्मको न्यूनतम रु. २० र त्यसपछि प्रति किलोमिटर थप रु. १० का दरले भाडादर कायम हुनेछ।
(२) कच्ची सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीको १.५ कि.मि सम्मको न्यूनतम रु. २० र त्यसपछि प्रति किलोमिटर थप रु. १२ का दरले भाडादर कायम हुनेछ।
(३) रिजर्भमा जानुपरेको अवस्थामा र सेक्टर अनुसारको भाडादर नियम (३) को उपनियम (१) बमोजिम गठित समितिले तोके बमोजिम कायम हुनेछ।
(४) भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा नियम (३) को उपनियम (१) बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

**१३. अनुगमन:**

ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित निर्देशिका बमोजिम अटो तथा ई-रिक्सा सञ्चालन भए/नभएको अनुगमन गर्न सक्नेछ।

**१४. विविध:**

यस निर्देशिकामा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन्।

**अनुसूची -१**

**दफा ५ संग सम्बन्धित**

**अटो तथा ई-रिक्सा दर्ता/नविकरण गर्नको लागि निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गैंडाकोट नगरपालिका, गैडाकोट नवलपरासी(पुर्व) ।

विषयः **अटो तथा ई-रिक्सा दर्ता/नविकरण गरिपाँउ ।**

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन यस नगरपालिका क्षेत्र भित्र संचालन गर्दा देहायका विवरण संलग्न राखी रु. .............को राजश्व दाखिला गरेको भौचर यसै साथ् संलग्न राखी अनुरोध गर्दछु ।

**तपशिल**

१. सवारी धनिको नाम
२. सवारी साधन नम्बर
३. ईन्जीन नम्बर
४. चेसिस नम्बर

**संलग्न कागजातहरुः**

क) सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
ख) सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।
ग) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिएको पत्र ।
घ) सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिद प्रतिलिपी ।
ङ) फर्म वा कम्पनिमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
च) आयकर र दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी/VAT दर्ताको प्रतिलिपी ।
छ) सवारी साधन चेकजाँच कागजात ।
ज) विमाको कागजात ।
झ) वित्तीय संस्थावाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाहरुको दर्ता प्रमाणपत्र आयकर (PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी ।
ञ) सवारी धनि स्वयं उपस्थिती हुनुपर्नेछ । स्वयं उपस्थिती हुन नसक्ने भएमा सवारी धनिले मञ्जुरीनामा दिएको पत्र।

दस्तखतः
निवेदकको नामः
ठेगाना:
मोबाइल नं.:
मितिः

## अनुसूची -२

## रुट परमिट कितावको ढाँचा

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको
कार्यालय, गैंडाकोट नवलपरासी (पुर्व)

**रुट परमिट ईजाजत पत्र**

सवारी दर्ता नं.

सवारी धनिको नामः

वतनः

| सवारी धनिको हस्ताक्षर | दर्ता गर्ने अधिकारीको हस्ताक्षर |
|---|---|

### सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १. कम्पनिको नाम |
| २. सवारीको मोडल |
| ३. बनेको साल |
| ४.सिलिण्डर संख्या |
| ५.च्यासिस नं. |
| ६. ईन्जीन नं. |
| ७. हर्ष पावर/सि.सि. |
| ८. सवारीको रंग |
| ९.चालक सहित सिट क्षमता |
| १०. ईन्धन |
| ११.रेडियो छ/छैन |
| १२. खरिद भै आएको मानिस वा कम्पनि |
| १३. प्रयोग |
| १४. चलाउने ईलाका |
| १५. भन्सार निस्सा |

| सि.नं. | ईजाजत पत्र पाएको क्षेत्र(रुट) | वहाल अवधि | ईजाजत नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कै. |
|---|---|---|---|---|
| | | | | |

प्रमाणीकरण मिति :- २०८०/१२/२०

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत